# सुदूरपश्चिम प्रदेश सामयिक राजस्व संकलन सम्बन्धी व्यवस्था गर्न बनेको विधेयक, २०८१

प्रदेश सभा

सुदूरपश्चिम प्रदेश

२०८१

# अध्यादेश तत्काल लागू गर्नु परेको परिस्थिति र कारण सहितको विवरण

देशमा उत्पन्न राजनैतिक अवस्थाको कारण प्रदेश सरकार समेत परिवर्तन भएको र सरकार परिवर्तनको अवस्थामा बजेट पारित हुन नसकेको कारण प्रदेश सरकारले राजस्व संकलन गर्न कानूनी व्यवस्था नभएको व्यहोरा सभा समक्ष जानकारी गराउन चाहन्छु । प्रदेश सभाको अधिवेशन नभएको अवस्थामा तत्काल कानूनी व्यवस्था मिलाई राजस्व संकलनको कार्य सुचारु गर्न अध्यादेश बाहेक अन्य कुनै विकल्प नभएका कारण प्रदेश मन्त्रिपरिषद्को सिफारिसमा माननीय प्रदेश प्रमुखबाट मिति २०८१।०४।२४ मा "सुदूरपश्चिम प्रदेश सामयिक राजस्व संकलन सम्बन्धी व्यवस्था गर्न बनेको अध्यादेश, २०८१" जारी भएको व्यहोरा समेत अनुरोध गर्दछु।

नेपालको संविधानको धारा २०३ मा कानून बमोजिम बाहेक प्रदेशमा कुनै कर लगाइने र उठाइने छैन भनी उल्लेख भएको छ । नयाँ आर्थिक वर्ष २०८१/८२ सँगै कर, दस्तुर, सेवा शुल्क, महशुल, रोयल्टी, व्याज, दण्ड जरीवाना संकलन गर्न र सेवा सुचारु गर्न अत्यावश्यक भएकोले र भविष्यमा पनि प्रचलित कानून बमोजिम तोकिएको समयमा प्रदेश सभामा बजेट पेश भई समयमै पारित हुन नसकेमा वा प्रदेश सरकारको सिफारिसमा प्रदेश प्रमुखबाट जारी भएको आर्थिक अध्यादेश निष्प्रभावी भएको अवस्थामा कानून बमोजिम नियमित राजस्व संकलन गरी सेवा सुचारु गर्न प्रदेश सभाको अधिवेशन नभएकोले नेपालको संविधानको धारा २०२ को संवैधानिक व्यवस्था बमोजिम "सुदूरपश्चिम प्रदेश सामयिक राजस्व संकलन सम्बन्धी व्यवस्था गर्न बनेको अध्यादेश, २०८१" जारी गरी कार्यान्वयन गरिएको हो ।

"सुदूरपश्चिम प्रदेश सामयिक राजस्व संकलन सम्बन्धी व्यवस्था गर्न बनेको अध्यादेश, २०८१" का प्रावधानलाई यथावत सहित प्रतिस्थापन गर्ने उद्देश्यले तयार गरिएको "सुदूरपश्चिम प्रदेश सामयिक राजस्व संकलन सम्बन्धी व्यवस्था गर्न बनेको विधेयक, २०८१" सुदूरपश्चिम प्रदेश सभा समक्ष सुदूरपश्चिम प्रदेश सभा नियमावली, २०८० को नियम १०० बमोजिम पेश गरेको छु ।

(बहादुर सिंह थापा)
आर्थिक मामिला मन्त्री

मा. बहादुर सिंह थापा
मन्त्री
आर्थिक मामिला मन्त्रालय

Scanned with CamScanner

## उद्देश्य र कारण

नेपालको संविधानको धारा २०३ मा कानून बमोजिम बाहेक प्रदेशमा कुनै कर लगाइने र उठाइने छैन भनी उल्लेख भएको छ । नयाँ आर्थिक वर्ष २०८१/८२ सँगै कर, दस्तुर, सेवा शुल्क, महशुल, रोयल्टी, व्याज, दण्ड जरीवाना संकलन गर्न र सेवा सुचारु गर्न अत्यावश्यक भएकोले र भविष्यमा पनि प्रचलित कानून बमोजिम तोकिएको समयमा प्रदेश सभामा बजेट पेश भई समयमै पारित हुन नसकेमा वा प्रदेश सरकारको सिफारिसमा प्रदेश प्रमुखबाट जारी भएको आर्थिक अध्यादेश निष्प्रभावी भएको अवस्थामा कानून बमोजिम नियमित राजस्व संकलन गरी सेवा सुचारु गर्न आवश्यक भएकोले प्रस्तुत विधेयक पेश गरेको छु ।

(बहादुर सिंह थापा)

आर्थिक मामिला मन्त्री

# प्रत्यायोजित व्यवस्थापन सम्बन्धी टिप्पणी

| सि.नं. | दफा | प्रत्यायोजित व्यवस्थापनको कारण | प्रत्यायोजित व्यवस्थापन अन्तर्गत बनाइने कानूनको प्रकृति र सिमा | प्रत्यायोजित व्यवस्थापनबाट पर्न सक्ने प्रभाव |
|---|---|---|---|---|
| १ | ५ | ऐनको उद्देश्य कार्यान्वयन गर्न प्रदेश सरकारले आवश्यक नियम बनाउन । | प्रदेश सरकारले यो ऐनको कार्यान्वयनका लागि यो ऐनको अधिनमा रही आवश्यक नियम बनाउन सक्ने । | ऐन कार्यान्वयनका लागि सहज हुने । |

# व्याख्यात्मक टिप्पणी

| दफा | दफा शीर्षक | व्याख्यात्मक टिप्पणी |
|---|---|---|
| २ | परिभाषा | विधेयकमा प्रयोग भएका शब्दावलीहरुलाई स्पष्ट गरी परिभाषित गर्न । |
| ३ | यस ऐन बमोजिम राजस्व संकलन गर्ने अधिकार | प्रदेशमा विशेष परिस्थितिको समयमा राजस्व संकलन गर्न विशेष परिस्थिति सिर्जना हुनु भन्दा अघिल्लो दिन जुन दर कायम रहेको थियो सोही बमोजिम राजस्व संकलन गर्ने कार्यलाई निरन्तरता दिने व्यवस्था गर्न र यसरी राजस्व संकलन गर्न प्रदेश सरकारले कुनै आदेश जारी गर्न वा राजपत्रमा सूचना प्रकाशन गर्नुपर्ने छैन भनी व्यवस्था गर्न । प्रदेश सरकारको सालबसाली आर्थिक ऐन वा आर्थिक अध्यादेशमा तोकिएको दर बमोजिम नै स्थानीय तहले संकलन गर्ने राजस्वको हकमा समेत यसै व्यवस्था बमोजिम गर्न।<br><br>विशेष परिस्थितिमा राजस्व संकलन गरिएको दरभन्दा त्यसपछि जारी हुने सालबसाली आर्थिक ऐन वा आर्थिक अध्यादेशमा बढी दर कायम भएमा त्यस्तो ऐन वा अध्यादेश लागु भएको मितिदेखि मात्र बढी दरमा संकलन गर्नुपर्ने व्यवस्था गर्न । |
| ४ | राजस्व संकलन गर्न सकिने | विशेष परिस्थिति समाप्त भई सालबसाली आर्थिक ऐन वा आर्थिक अध्यादेश लागु भएमा सोही ऐन वा अध्यादेश बमोजिम राजस्व संकलन गर्ने व्यवस्था गर्न । |
| ५ | नियम बनाउने अधिकार | यस ऐनको उद्देश्य कार्यान्वयन गर्न प्रदेश सरकारले आवश्यक नियम बनाउन सक्ने व्यवस्था गर्न । |

# आर्थिक टिप्पणी

प्रचलित कानून बमोजिम तोकिएको समयमा प्रदेश सभामा बजेट पेश भई असार मसान्तसम्ममा पारित हुन नसकेमा वा प्रदेश सरकारको सिफारिसमा प्रदेश प्रमुखबाट जारी भएको आर्थिक अध्यादेश निष्कृय/खारेज भएपश्चातको अवस्थामा कानून बमोजिम नै राजश्व संकलन गरी सेवा सुचारु गर्नको लागि प्रस्तुत कानूनको विशेष आर्थिक महत्व रहेको देखिन्छ । प्रस्तुत विधेयकले ऐनको रुप लिएपछि कार्यान्वयन गर्न प्रदेश सरकारलाई थप आर्थिक व्ययभार र थप संरचना आवश्यक पर्ने देखिदैन् ।

## सुदूरपश्चिम प्रदेश सामयिक राजस्व संकलन सम्बन्धी व्यवस्था गर्न बनेको विधेयक, २०८१

**प्रस्तावनाः** प्रदेशमा राजस्व संकलन गर्न अधिकार प्रदान गर्ने कानून निष्प्रभावी भएको अवस्थामा कानून बमोजिम नियमित राजस्व संकलन गरी सेवा सुचारु गर्न वाञ्छनीय भएकाले,

सुदूरपश्चिम प्रदेश सभाले यो ऐन बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "सुदूरपश्चिम प्रदेश सामयिक राजस्व संकलन सम्बन्धी ऐन, २०८१" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) "अघिल्लो दिन" भन्नाले सालबसाली आर्थिक ऐनको म्याद समाप्त हुने मितिभन्दा एक दिन अगाडी वा आर्थिक अध्यादेश निष्कृय वा खारेज भएको मितिभन्दा एक दिन अगाडीमध्ये जुन पछि आउँछ सोही दिनलाई सम्झनु पर्छ।

(ख) "राजस्व" भन्नाले प्रदेशको सालबसाली आर्थिक ऐन वा आर्थिक अध्यादेश बमोजिम लगाइने घर जग्गा रजिष्ट्रेशन शुल्क, सवारी साधन कर, मनोरञ्जन कर, विज्ञापन कर, पर्यटन शुल्क, कृषि आयमा कर, सेवा शुल्क दस्तुर तथा दण्ड जरिवाना सम्झनु पर्छ र सो शब्दले प्रदेशको क्षेत्रभित्र रहेका कर लाग्ने अन्य विषय समेतलाई जनाउँछ।

(ग) "विशेष परिस्थिति" भन्नाले प्रदेशभित्र राजस्व संकलन गर्ने सालबसाली आर्थिक ऐन वा आर्थिक अध्यादेशको अवधि समाप्त भई अर्को नयाँ सालबसाली आर्थिक ऐन प्रमाणिकरण भई राजपत्रमा प्रकाशन भई नसकेको वा आर्थिक अध्यादेश जारी हुन नसकेको समयावधिलाई सम्झनु पर्छ।

३. **यस ऐन बमोजिम राजस्व संकलन गर्ने अधिकारः** (१) प्रदेशमा विशेष परिस्थितिको समयमा राजस्व संकलन गर्न विशेष परिस्थिति सिर्जना हुनु भन्दा अघिल्लो दिन जुन दर कायम रहेको थियो सोही बमोजिम राजस्व संकलन गर्ने कार्यलाई निरन्तरता दिनुपर्नेछ।

(२) उपदफा (१) बमोजिम राजस्व संकलन गर्न प्रदेश सरकारले कुनै आदेश जारी गर्न वा राजपत्रमा सूचना प्रकाशन गर्नुपर्ने छैन।

(३) विशेष परिस्थितिमा राजस्व संकलन गरिएको दरभन्दा त्यसपछि जारी हुने सालबसाली आर्थिक ऐन वा आर्थिक अध्यादेशमा बढी दर कायम भएमा त्यस्तो ऐन वा अध्यादेश लागु भएको मितिदेखि मात्र बढी दरमा संकलन गर्नुपर्नेछ ।

(४) प्रदेश सरकारको सालबसाली आर्थिक ऐन वा आर्थिक अध्यादेशमा तोकिएको दर बमोजिम नै स्थानीय तहले संकलन गर्ने राजस्वको हकमा समेत उपदफा (१) बमोजिम गर्नुपर्नेछ।

४. **राजस्व संकलन गर्न सकिनेः** (१) विशेष परिस्थिति समाप्त भई सालबसाली आर्थिक ऐन वा आर्थिक अध्यादेश लागु भएमा सोही ऐन वा अध्यादेश बमोजिम राजस्व संकलन गर्नु पर्नेछ।

५. **नियम बनाउने अधिकारः** यस ऐनको उद्देश्य कार्यान्वयन गर्न प्रदेश सरकारले आवश्यक नियम बनाउन सक्नेछ ।

६. **यस ऐन बमोजिम हुनेः** राजस्व संकलन, नियमन र बाँडफाँट गर्ने सम्बन्धमा यस ऐनमा लेखिएको विषयमा यस ऐन बमोजिम र अन्य विषयमा प्रचलित कानून बमोजिम हुनेछ।

७. **बचाउः** यो ऐन जारी हुनु अघि विशेष परिस्थिति सिर्जना भई सो समयमा राजस्व संकलन सम्बन्धी भए गरेको काम कारवाहीहरू यसै ऐन बमोजिम भए गरेको मानिनेछ।